नेपालको पहिलो बौद्ध मासिक पत्रिका

# आनन्द भूमि

बौद्ध इतिहासका केही पृष्ठहरूः

# बुद्ध धर्ममा देखा परेका विकृति र विचलहरू सम्बन्धमा एक अध्ययन (१)

लेखकः डा. सानुभाइ डंगोल

## लेखको उद्देश्य

विश्वमा आज प्रचलित बुद्ध धर्म शाक्यमुनि बुद्धले सम्यक्सम्बोधि (बुद्धत्त्व) लाभ गर्नु भएपछि स्थापना गर्नुभएको धर्म हो । शाक्यमुनि बुद्धले सम्यक्सम्बोधि लाभ गर्नु भएपछि स्थापना भएको यस धर्मले करिब पच्चीस सय वर्षको अन्तरालमा अनेकौं उकाली ओरालीहरू पार गरेर आफूलाई विश्व धर्मको रूपमा प्रतष्ठापित गर्ने क्रममा बुद्ध धर्म पनि, विश्वका अन्य धर्महरू जस्तै, अनेकौं शाखा र प्रशाखाहरूमा विभाजित हुनपुगेको छ । यसरी अनेकौं शाखा र प्रशाखाहरूमा विभाजित हुने क्रममा यसका कैयन शाखा र प्रशाखाहरूले शाक्यमुनि बुद्धले सिकाएका मूलभूत सिद्धान्तहरूलाई नै तोडमरोड गरी बुद्ध धर्ममै विकृति र विचलन ल्याउने काम गरेका छन् भने केहीले त शाक्यमुनि बुद्धलाई नै बुद्ध धर्मबाट विस्थापित गर्ने काम पनि गरेका छन् । यो कुरा बुद्ध धर्मको विकास सम्बन्धित इतिहासलाई केलाएर हेरिएमा स्पष्ट हुने देखिन्छ । यो लेखको मनसाय बुद्ध धर्मका विभिन्न शाखा प्रशाखा (परम्परा) हरूलाई घोचपेच गर्नु नभई बुद्ध धर्ममा देखा परेका यिनै विकृति र विचलनहरूलाई केलाएर हेर्नुसम्म हो । बुद्ध धर्मबाट विकृत र विचलनहरूलाई हटाई विशुद्ध रूपमा बचाइराख्न सकियोस् भन्ने उद्देश्यले नै यसरी बौद्ध इतिहासलाई केलाएर हेर्न खोजिएको हो । यस कामबाट कहीं कतै चोट पुग्न गएमा लेखकको तर्फबाट क्षमा याचना । लेखमा कहीं कतै त्रुटी देखा परेमा सुझावहरू पठाई शुद्धिकरणको लागि सहयोग गर्नुहुन अनुरोध छ ।

## बुद्ध धर्ममा पहिलो विचलन

बुद्ध धर्मको इतिहासलाई पल्टाएर हेर्दा यसमा पहिलो विचलन शाक्यमुनि बुद्ध परिनिर्वाण भएको एक सय वर्षपछि देखा पर्दछ । स्थविरवाद साहित्यको ‘चुलवग्ग’ मा उल्लेख भए अनुसार त्यस बेला बुद्ध धर्मको मूलभूत सिद्धान्त स्थविरवाद (Theravada) लाई जीवन पद्धतिको रूपमा अपनाइरहेका बैशाली राज्यस्थित बज्जी

जनपदका केही भिक्षुहरूले निम्न लिखित दशवटा कुराहरूलाई अपनाएर भिक्षु विनय[१] तोड्ने काम गरिरहेका थिए :

१) सिंगिलोनकप्प, अर्थात् सिंगमा नून राखेर लैजाने परम्परा । यो परम्परा खाना संग्रह गर्नै नपाउने भन्ने पाचितिय नियम ३९ को विपरित छ ।

२) ब्दांगुलकप्प, अर्थात् छाया दुई अङ्गुल देखिएसम्म भोजन गर्ने परम्परा । यो परम्परा मध्यान्हपछि खाना खान नमिल्ने भन्ने पाचितिय नियम ३७ को विपरित छ ।

३) गोमन्तरोकप्प, अर्थात् अर्को गाउँमा गएर त्यही दिन दोश्रो पटक पनि भोजन गर्ने परम्परा । बढी भोजन गर्न नमिल्ने पाचितिय नियम ३५ लाई यसले तोड्ने काम गर्दछ ।

४) आवासकप्प, अर्थात् एउटै सीमा क्षेत्र भित्रका भिक्षुहरूले सीमा क्षेत्रभित्रै छुट्टै भवनहरूमा बसी उपोसथ समारोह गर्ने परम्परा । यसले सीमा क्षेत्र भित्रको आवास सम्बन्धि नियमलाई उल्लंघन गर्दछ ।

५) अनुमतिकप्प, अर्थात् कुनै काम (पवारणा) गरिसकेपछि यसको लागि अनुमति लिने परम्परा । यसले पनि भिक्षु विनयलाई तोड्ने काम गर्दछ ।

६) अछिन्नकप्प, अर्थात् परम्परागत अभ्यासलाई नजीरको रूपमा ग्रहण गर्ने । यो पनि माथिकै वर्गीकरण भित्र पर्दछ ।

७) अमठितकप्प, अर्थात् खानापछि दही जम्न नपाएको दूधलाई पिउने परम्परा । यो परम्पराले धेरै भोजन गर्न नमिल्ने भन्ने पाचितिय नियम ३५ लाई उल्लंघन गर्दछ ।

८) जलोगिकप्प, अर्थात् ताडि पिउने परम्परा । यो परम्परा सुरापान गर्न नमिल्ने भन्ने पाचितिय नियम ५१ को विपरित छ ।

९) अदसकनिसीदनकप्प, अर्थात् किनारा नभएको लम्पट प्रयोग गर्ने परम्परा । किनारा नभएको लम्पटलाई प्रयोग गर्न नमिल्ने भन्ने पाचितिय नियम ८९ को विपरित यो परम्परा रहेको छ ।

---

[१] आज शाक्यमुनि बुद्धको मूलभूत सिद्धान्त स्थविरवाद (त्जभचबखबमब) मा जोड दिने भिक्षुहरूबाट पनि यी नियमहरूको राम्ररी पालना गरेको पाइंदैन ।

१०) जातरुपटिकप्प, अर्थात् निस्सगिय पाचितिय नियम १८ ले निषेध गरेको विपरित सुन चांदीलाई ग्रहण गर्ने [२]

वज्जी जनपदका भिक्षुहरूद्वारा जीवनपद्धतिको रूपमा अपनाइएका यी कुराहरू भिक्षु विनय (नियक) विपरित देखा परेको कारण बुद्ध धर्मलाई विशुद्ध रूपमा बचाई राख्ने उद्देश्यले सात सय स्थविरवादी भिक्षुहरूले वैशाली राज्यको वालुकाराममा भिक्षु रेवत महास्थविरको अध्यक्षतामा दोश्रो संगायनमा सम्पन्न गरे । शाक्यमुनि बुद्ध परिनिर्वाण हुनुभएको एक सय वर्षपछि मगधका राजा कालाशोकको संरक्षणमा सम्पन्न भएको यस संगायनले यी दशवटा भिक्षु नियमहरू तोडेको अभियोगमा वज्जी जनपदका भिक्षुहरूलाई भिक्षु संघबाट निकाला गरे पनि ।

## बुद्ध धर्मको विभाजन र महासांघिक सम्प्रदायको सिद्धान्त

दोश्रो संगायनबाट निकालिएका वज्जी जनपदका भिक्षुहरूले मण्डली भन्ने राजाको संरक्षणमा कोशाम्बिमा गएर भिक्षु महादेव महास्थविरको अध्यक्षतामा वेग्लै संगायन गरे । दश हजार भिक्षुहरू सम्मिलित भएको संगायन हुँदा यसमा भाग लिने भिक्षुहरूलाई महासांघिक भनियो । यसै बेलादेखि बुद्ध धर्म स्थविरवाद र महासांघिक गरी दुई भागमा विभाजित भए पनि । महासांघिक भिक्षुहरूले स्थविरवादको विरोधमा महावस्तु भन्ने विनय ग्रन्थ तयार पारी शाक्यमुनि बुद्धलाई मानुसी व्यक्तित्वबाट लाकोत्तर व्यक्तित्वको रूपमा प्रस्तुत गरे । यस सम्बन्धमा श्री अनुकल चन्द्र बेनर्जीका शब्दहरू यस प्रकार छन् : “According to them, the Buddhas are **lokottara** (supra-mundane); they have no **sasrava dharmas** (defiled elements); their bodies, their length of life and their powers are unlimited; they neither sleep or dream; they are self-possessed and always in a state of **samadhi** (meditation); they do not preach by name; they understand everything in a moment (**ekaksanika-citta**); until they attain **parinirvana**, the Buddhas possess **ksayajnana** (knowledge of decay) and **anutpadajnana** (knowledge of non-origination)..... Thus the Mahasanghikas conceived of the Buddhas **docetically** and gave rise to the conception of the Bodhisattvas” अर्थात्, “उनीहरूको भनाइ अनुसार बुद्धहरू लोकोत्तर हुन्, उनीहरूमा सास्रव धर्म हुँदैनन्, उनीहरूको शरीर, जीवन अवधि र शक्ति अपरिमित हुन्छन्, उनीहरू न त सुत्छन् न त स्वप्न देख्छन्, उनीहरू आत्मकेन्द्रित भएर सँधै समाधिमा लीन रहन्छन्, उनीहरू कुनै कुरा सिकाउँदैनन्, उनीहरू एकै क्षणमा (एक क्षणिक चित्त) सब कुरा बुभ्रदछन्, परिनिर्वाण नभएसम्म

---

[२] B. Jinananda, "Four Buddhist Councils" **2500 Years of Buddhism** (edited by Prof. P.V. Bapat), New Delhi, Ministry of Information and Broadcasting), p.37

बुद्धहरूमा क्षय ज्ञान रहन्छन् ...... यस प्रकार उनीहरूले बुद्धहरूलाई उच्च स्थान दिए जसले गर्दा बोधिसत्त्व सम्बन्धी अवधारणाको विकास भयो ।"[३]

यसै क्रममा उनीहरूले शाक्यमुनि बुद्ध सहित सम्पूर्ण बुद्धहरू आमा बाबुको कोखबाट नभइ आफसे आफ अथवा उपपादुक हिसाबले जन्मने कुरालाई पनि वर्णन गर्न पुगे । यस सन्धर्भमा श्री बेनर्जी पुनः थप्नुहुन्छ : "According to them, the Bodhisattvas are also supra-mundane and do not pass through the four embryonic stages of ordinary beings. They enter their mothers' wombs in the form of white elephants and come out of the wombs from the right side. They never experience feelings of lust (**kama**), malevolence (**vyapada**) or injury (**vihimsa**). For the benefit of all classes of sentient beings, they are born of their own free will in any form of existence they choose. All these conceptions led to defaction of the Buddhas and Bodhisattvas."[४] अर्थात्, "उनीहरूका भनाइ अनुसार बोधिसत्त्वहरू पनि लाकोत्तर हुन्छन् र उनीहरू सामान्य जीवहरू जस्तै चार प्रकारका गर्भावस्थाहरूबाट जन्मदैनन् । उनीहरू सेतो हात्तीको रूपमा आमाको गर्भमा प्रवेश गर्दछन् र दाहिने तर्फ भएर गर्भबाट निक्लन्छन् । उनीहरूमा काम, व्यापाद र विहिंसाको भावना हुँदैनन्  सबै वर्गका जीवित प्रणीहरूको भलाईको लागि, उनीहरूले आफूले चाहे जस्तो जीवको रूपमा धारण गरेर जन्मन्छन् । यी अवधारणाहरूले बुद्ध र बोधिसत्त्वहरूलाई विशुद्ध पार्ने काम गरेको छ ।"

यस्तै बोधिसत्त्व चर्या पालन गर्ने सिलसिलामा बुद्ध हुने व्यक्तिले उपलब्ध गर्ने दशभूमिहरूको विस्तृत वर्णन पनि महावस्तुले पहिलो पटक गरेको छ । महावस्तुले वर्णन गरेका दशभूमिहरू यस प्रकार छन्ः (१)दुरारोह, (२)बुद्धमाना, (३)पुप्पमण्डित, (४)रुचिरा, (५)चित्तविस्तार, (६)रूपवती, (७)दुर्जया, (८)जन्मनिदेश, (९)यौवराज, (१०)अभिषेक । यसरी बुद्ध पुरुष या भनौं शाक्यमुनि बुद्धलाई लोकोत्तर व्यक्तित्वको रूपमा प्रस्तुत गरिसकेपछि महासांघिक भिक्षुहरू, विशेष गरेर भिक्षु महादेव महास्थविरका शिष्यहरूले, स्थविरवाद परम्पराको अन्तिम लक्ष्य अर्हत् पदलाई निचा देखाउन यस पदको विरोधमा विभिन्न विभेदहरू पनि उठाए ।

क्रमशः

---

[३] Anukul Chandra Banerjee, "The Mahasanghikas", **2500 Years of Buddhism** (edited by Prof. P.V. Bapat), New Delhi, Ministry of Information and Broadcasting, pp. 100-101

[४] ibid. p. 101

बौद्ध इतिहासका केही पृष्ठहरूः

# बुद्ध धर्ममा देखा परेका विकृति र विचलहरू सम्बन्धमा एक अध्ययन (२)

लेखकः डा. सानुभाइ डंगोल

## उनीहरूले उठाएका पाँचवटा विभेदहरू यस प्रकार छन् ः

"A section of the Mahasanghikas (the adherents of Mahadeva) maintains that Arhats also have frailities; that they can be taught by others; that they still have a degree of ignorance, and a degree of doubth; and that they can acquire knowledge only with the help of others. Thus, Arhathood is not the final stage of sanctification"[५] अर्थात्,

"महासांघिकहरूले एक शाखा (महादेवका चेलाहरू) ले अर्हत्मा पनि कमजोरीहरू रहन्छन्, उनीहरूलाई अरुले सिकाउन सक्दछ, उनीहरूमा पनि केही मात्रामा अज्ञान र शंका बाँकी रहन्छ, र उनीहरूले अरुको सहयोगबाट मात्र ज्ञान लाभ गर्न सक्दछन् । यस प्रकार, अर्हत्त्व नै पवित्रताको अन्तिम अवस्थिति होइन ।"

शाक्यमुनि बुद्ध परिनिर्वाण हुनुभएको २३६ वर्षपछि भारतमा सम्राट अशोकको संरक्षणमा पाटलिपुत्रमा भएको तेस्रो संगायनको अवसरमा भिक्षु तिष्यद्वारा **अभिधम्म पिटक** अन्तर्गत थपिएको **कथावत्थु**लाई अध्ययन गरिएमा यी कुराहरू पुष्टि हुने देखिन्छन् ।

## शाक्यमुनि बुद्धको अवस्थिति सम्बन्धमा स्थविरवादको धारणा

स्थविरवादी भिक्षुहरूले मनुष्यलोकमा जन्मेका शाक्यमुनि बुद्धको लोकोत्तर अवस्थितिलाई स्वीकार गरे तापनि महासांघिक भिक्षुहरूको लोकोत्तरवादी सिद्धान्तलाई भने स्वीकार गर्दैनन् । उनीहरू शाक्यमुनि बुद्धको जन्ममा घटित घटनाहरूलाई यथार्थ कुरा मान्दछन् । उनीहरू शाक्यमुनि बुद्ध संसारमै जन्मनुभयो, संसारमै उहाँले सम्यक्सम्बोधि प्राप्त गरी लोकोत्तर अवस्थितिमा पुग्नुभयो र संसारमै धर्म उपदेश दिनुभयो भन्ने कुरामा पूरा विश्वास गर्दछन् । उनीहरूले शाक्यमुनि बुद्धको व्यक्तित्त्वलाई स्वीकार गर्दा गर्दै पनि उहाँको उपदेशको पालनामा बढ्ता जोड दिने गर्दछन् । आफू परिनिर्वाण हुनुभन्दा केही समय अगाडि र अरु समयमा शाक्यमुनि बुद्धले आफ्ना शिष्यहरूलाई दिनुभएका उपदेशहरूबाट पनि यो कुरा पुष्टि गर्दछ । शाक्यमुनि बुद्धले आफ्ना शिष्यहरूलाई यस सम्बन्धमा दिनुभएका केही उपदेशहरू यस प्रकार छन् ः

[५] Ibid. p. 101

"मेरो परिनिर्वाणपछि तिमीहरूमा अब शास्ता रहनुभएन, हामीहरूको लागि मार्ग निर्देशक कोही भएनन् भन्ने धारणा उठ्न सक्दछ, यो उचित कुरा होइन । मैले जुन धर्म र विनयको उपदेश तिमीहरूलाई दिएको थिएँ त्यही धर्म र विनय मेरो परिनिर्वाणपछि तिमीहरूको शास्ता हुनेछ । जसले धर्मलाई देख्दछ, उसले मलाई देख्दछ । बुद्ध केवल मार्गदर्शक हुन्, प्रयास त आफैले गर्नु पर्दछ । तिमीहरू आफ्नो लागि आफै दीपक बन, अरुको आश्रय नखोज" आदि ।

## शाक्यमुनि बुद्ध देवाधिदेवको रूपमा

शाक्यमुनि बुद्धबाट यस प्रकारका उपदेशहरू प्रदान भए तापनि पछि गएर उहाँका धर्ममा दिक्षित भिक्षु तथा श्रद्धालु भक्तहरूले बुद्ध धर्ममा, विशेष गरेर महायान सम्प्रदायको उदय भएपछि, शाक्यमुनि बुद्धलाई नै देवाधिदेव मान्न थालेका छन् । शाक्यमुनि बुद्धलाई देवाधिदेवको रूपमा मान्दा उनीहरले सहस्रकोटि कल्प देखिनै उहाँ अस्तित्त्वमा रहनुभएको र उहाँको आयु अनन्त कल्पसम्म रहिरहने कुरामा विश्वास गरेका छन् । यसै क्रममा उनीहरूले शाक्यमुनि बुद्धलाई नै लोकका पिता र स्वयम्भूको रूपमा प्रतिष्ठापन पनि गरेका छन् । अझ महायानको **श्रद्धोत्पाद** शास्त्रमा गएर उनीहरूले शाक्यमुनि बुद्ध परिनिर्वाण नै नभएको, उहाँको काय (शरीर) साश्वत रहेको कुरा पनि व्याख्या गर्दछन् । तर यस प्रकारको व्याख्या गर्नुको पछाडि पहिलो कदम चाल्ने काम भने महासांघिक सम्प्रदायबाटै भएको हो भन्ने कुरामा कुनै विवाद देखिँदैन । महासांघिक सम्प्रदायले प्रतिपाद गरेका माथि उल्लेखित सिद्धान्तहरू अध्ययन गरेमा यो कुरा स्पष्ट हुने देखिन्छ पनि ।

हुन त बुद्ध धर्ममा यस प्रकारको विचलन शाक्यमुनि बुद्ध परिनिर्वाण हुनु भएको लगत्तै पनि देखा पर्न नखोजेका होइनन् । शाक्यमुनि बुद्ध परिनिर्वाण हुनुभएको कारण दुःखित भएर विलाप गरिरहेका केही भिक्षुहरूलाई त्यसबेला बुढो उमेरमा भिक्षु बनेका सुभद्र भन्ने एक भिक्षुले यस प्रकारा सान्त्वना दिएर बोल्दै थिएः "हामी किन यसरी विलाप गरिरहने ? उहाँ जीवित रहनुभएको बेला यस्तो गर्नु हुँदैन, यस्तो नगर भनेर विभिन्न नियमहरू बनाएर तिनै नियमहरूले हामीहरूलाई बाँधिराख्नुभएको थियो । अबदेखि हामीलाई कसैले यस्तो गर्नु हुँदैन, त्यस्तो नगर भनेर भन्ने रहनु भएन, त्यसैले हामीले अहिले जे गरे पनि भयो, हामी स्वतन्त्र भयौं ।"[६] यो कुरा जानकारी पाएपछि पाँचसय निर्वाणलाभी अर्हत् भिक्षुहरू मिलेर शाक्यमुनि बुद्धद्वारा प्रतिपादित धर्म र


---

[६] भिक्षु धीरसुमेधी (अनु.), **संगायन**, (काठमाडौंः धर्मप्रमी पासापिं, बु.सं. २५४३), पृ ११

विनयलाई विशुद्ध रूपमा बचाइ राख्न उहाँ (शाक्यमुनि बुद्ध) परिनिर्वाण हुनुभएको तीन महिनापछि राजगृहको सप्तपर्णि गुफामा जम्मा भई पहिलो संगायन सम्पन्न गरेका थिए । मगधका राजा अजातशत्रुको संरक्षणमा भिक्षु महाकाश्यपको अध्यक्षतामा सम्पन्न भएको यस संगायनमा भने यस प्रकारको कचिंगल वा संघभेद देखापर्न पाएको थिएन । त्यसैले यो संगायन शाक्यमुनि बुद्धद्वारा प्रतिपादित विनय र धर्मलाई विशुद्ध रूपमा बचाउन धेरै हदमा सफल भएको थियो पनि ।

## अठार बटा निकायहरू

दोश्रो संगायनपछि स्थविरवाद र महासांघिक गरी दुई शाखमा विभाजन भएको बुद्ध धर्म शाक्यमुनि परिनिर्वाण हनुभएको केही शताब्दीपछि अर्थात् तेश्रो संगायनको समयमा १८ वटा विभिन्न निकाय (शाखा र उपशाखा) हरूमा विभाजन भएको देखिन्छ । कथावत्थुको अर्थकथामा उल्लेख भए अनुसार यी १८ वटा निकायहरू यस प्रकार छन् ।




[७] आचार्य बलदेव उपाध्याय, **बौद्ध दर्शन मीमांस**, (वाराणसीः चौखम्बा विद्याभवन, १९८९), पृ. ८४

## स्थविरवादलाई होच्याउने प्रयास

शाक्यमुनि बुद्ध परिनिर्वाण हुनु भएको करिब छ सय वर्षपछि अर्थात् इस्वी संवत्को पहिलो शताब्दीमा बुद्ध धर्ममा महायान सम्प्रदायको उदय भयो । बुद्ध धर्मको स्थविरवादलाई होच्याउने उद्देश्यले स्थापना भएको यस शाखाको पहिलो पुस्तक **सद्धर्मपुण्डरिक**ले स्थविरवादलाई हीनयानको संज्ञा दिँदै शाक्यमुनि बुद्धले स्थविरवाद अन्तर्गत श्रावकयान र प्रत्येकबुद्धयानमा निर्धारण गरेको अन्तिम लक्ष निर्वाणलाई केवल अस्थायी विश्राम हो, यसबाट **क्लेशावरण** (moral impurities) हट्न गई अनात्मा वा **पुद्गलशून्यता** (absence of soul or individuality) सम्म मात्र प्राप्त हुन्छ, पूरा विमुक्ति होइन भन्ने अवधारणा प्रचारमा ल्याए । यस ग्रन्थका अनुसार स्थविरवादी भिक्षुले अर्हत् वा निर्वाण जस्ता विश्राम हासिल गरेर **क्लेशावरण** हटाउन सक्दैमा वा **पुद्गलशून्यता** प्राप्त गर्दैमा अन्तिम विश्राम याने पूरा विमुक्ति प्राप्त हुने होइन, **ज्ञयावरण** (veil covering the truth) समेत हटाई **धर्मशून्यता** (non-existence of phenomenal objects) वा **धर्म समता** (sameness of all objects) समेत हासिल गरी सम्यक्सम्बुद्ध नै हुनु पर्दछ भन्ने सिद्धान्त प्रतिपादन गरे । स्थविरवादमा पाइने निर्वाण वा अर्हत् पदलाई होच्याउन **सद्धर्मपुण्डरिक**को अध्याय ७ मा प्रस्तुत कथाको सारांश यस प्रकार रहेका छन्ः

"He is like a guide leading a company of men to Ratnadvipa (jewel-island), who on the way become wearied and want to turn back. He creates a magic city, where they rest, and are then willing to go on to their true destination. So the Buddha draws beings on with the illusory of Nirvana, and then shows them the true goal of omniscience."[८]

अर्थात्,

"उहाँ एक यस्तो मार्गदर्शक हुनुहुन्छ जसले केही मानिसहरूलाई रत्नद्वीपतर्फ लैजाँदै हुनुहुन्थ्यो । बाटोमा थाकेको कारण मानिसहरू फर्कन चाहन्थे । त्यसकारण उहाँले एउटा जादुको शहर निर्माण गर्नुभयो जहाँ उनीहरूले विश्राम गरे र त्यसपछि मात्र उनीहरू आफ्नो सच्चा लक्ष्यमा जान तयार भए । बुद्धले निर्वाणको भ्रमपूर्ण विचारद्वारा मानिसहरूलाई तान्नुहुन्छ र पछि सर्वज्ञताको सच्चा लक्ष्यतर्फ डोऱ्याउनुहुन्छ ।"

[८] Edward J. Thomas, **The History of Buddhist Thought**, (London: Routledge and Kegan Paul Ltd., 1959), pp. 182-183

महायान सम्प्रदाय अन्तर्गत रहेर माध्यमिक दर्शन वा शून्यवादलाई अपनाउने बुद्ध धर्मको विशुद्ध शाखाले पनि आफ्नो महान् ग्रन्थ **प्रज्ञापारमिता**मा यही अवधारणालाई प्रस्तुत गरेका छन् । यसबारे **प्रज्ञापारमिता**को अर्थलाई स्पष्ट पार्न लेखिएको विभाषा **अभिसमयालंकार आलोक**ले यस प्रकार उल्लेख गर्दछ : "The great disciples (sravakas), having attained the two kinds of enlightenment (i.e. of Sravaka proper and the Pratyekabuddha) with and without residue, remain with their minds full of fear, since they are deprived of great compassion and highest wisdom (uru karuna prajna vaikal-yena). Owing to the cessation of the force of life, produced by previous biotic force, the attainment of Nirvana becomes possible. But in reality (the Hinayanist saints) are possessed only of that seeming Nirvana which is called the Nirvana resembling an extinguished light. The births in three spheres have ceased, but, after their worldly existence has taken an end, the Arhants are born in the most pure sphere of Buddhist activity in the unaffected plane (anasravadhatu), in a state of perpetual trance and abiding within the petals of lotus flowers (padmaphutesu jayante). Thereafter, the Buddha Amitabha and other Buddhas resembling the sun arouse them in order to remove the undefiled ignorance (akilista nana). Thereupon the Arhants make their creative efforts for Supreme Enlightenment and, though they abide in a state of deliverance, they act (in the phenomenal world) as if they were making a descent to hell. And gradually, having accumulated all the factors for the attainment of Enlightenment, they become teachers of the living beings (i.e. Buddhas)."[९] अर्थात्,

"श्रावक बोधि र प्रत्येकबोधि जस्ता दुई प्रकारको निर्वाण उपाधिसहित र उपाधिरहित हिसाबले हासिल गरेपछि पनि महाश्रावकहरूको चित्त, करुणा र प्रज्ञा रहित भएको कारण, त्राशले भयभित रहेको हुन्छ । उनीहरू पहिलेको शारीरिक शक्तिबाट सिर्जना भएको जीवन शक्ति सकिएको कारण, निर्वाण हासिल गर्न सफल बनेका हुन् । तीनै लोकको जन्म निरोध भए तापनि अर्हत्‌हरू बौद्ध गतिविधिसंग सम्बन्धित शुद्धावास भूवनमा ध्यानलीन भएर कमलको पात भित्र रहेर **अनाश्रवधातु**मा जन्म लिन्छन् । त्यसपछि सूर्य समान लेजस्वी अमिताभ र अन्य बुद्धहरूले उनीहरूलाई अकिलिष्ट ज्ञान हटाउनको लागि उठाउँदछन् । तत्पश्चात अर्हत्‌हरूले, आफू विमुक्त अवस्थामा रहेता पनि, सम्यक्सम्बोधि प्राप्तिको लागि (संसारमा रहेर) नरकमा अवतरण गरे जस्तै गरी सिर्जनात्मक प्रयास थाल्दछन् र क्रमशः सम्बोधिका सबै तत्त्वहरू उपलब्ध गरिसकेपछि, उनीहरू जीवित प्राणीहरूका गुरु (बुद्ध) बन्दछन् ।"

क्रमशः

---

[९] Quoted in Narada, **The Buddha and His Teachings**, (Taipei: The Corporate Body of the Buddha Educational Foundation, 1998), pp. 569-570

बौद्ध इतिहासका केही पृष्ठहरूः

# बुद्ध धर्ममा देखा परेका विकृति र विचलहरू सम्बन्धमा एक अध्ययन (३)

लेखकः डा. सानुभाइ डंगोल

## शाक्यमुनि बुद्ध आदि बुद्धको अवतारको रूपमा

बुद्ध धर्ममा महायान सम्प्रदायको विकास भएपछि यसले स्थविरवादलाई निचा देखाउने मात्र प्रयास गरेको होइन बल्की शाक्यमुनि बुद्धलाई ऐतिहासिकबाट पौराणिक रूप दिई भक्ति परम्पराको पनि विकास गऱ्यो । यसै क्रममा यस परम्पराले शाक्यमुनि बुद्धलाई सर्वशक्तिमान परमात्मा आदि बुद्धको अवतारको रूपमा पनि प्रस्तुत गरे । यसबाट बुद्ध धर्मको मूल सिद्धान्तमा विकृति र विचलनहरू देखा परे । वरिष्ठ बौद्ध विद्वान् एन. ऐयास्वामी शास्त्रीले बुद्ध धर्ममा देखा परेका यस प्रकारका विचलनहरूबारे लेखेका शब्दहरू तल उद्धरण गरिन्छः

"Buddhism, as appears from the Pali Nikayas is a system founded entirely on ethical principles. It has no room for theism or a theistic way of life. In other words, the Buddha never entertained the idea of God as ruling over the destiny of humankind. Nor did he think much of prayer and worship (ayacana, prarthana) as conceived by the Brahmins. Man's salvation, according to him, lay not in prayer and worship but in his own right efforts and wisdom. This aspect of the Buddha's teaching may be called salvation through works. When, however, we examine Buddhist literature three or four centuries later, we find that Buddhism has assumed a form which had developed features quite alien to its original concepts. Mahayana Buddhism turned the human Buddha, Shakyamuni, into an eternal and supreme deity presiding over the world, ready to grant boons to his devotees. The historical Buddha is only an emanation sent down by the Adibuddha to preach the Dharma and save mankind from its ills. People now began to pray and worship him in order to please him so that he might guide them to salvation. Buddhism thus became Buddha cult in Saddharma-pundarika, Gandavyuha and other Mahayana sutras."[१०]

"पाली निकायहरू अध्ययन गर्दा बुद्ध धर्म पूरा हिसाबले नैतिक सिद्धान्तहरूमा आधारित रहेको देखा पर्दछ । यसमा ईश्वरवाद वा आस्तिक जीवनधारालाई स्थान दिइएको छैन । अर्को शब्दमा भन्ने हो भने बुद्धले मानवको भाग्यलाई निर्धारण गर्ने परमात्माको विचारलाई पटक्कै स्थान दिएको छैन । न त उहाँले ब्राह्मणहरूले सोचे जस्तै अर्चना र प्रार्थना सम्बन्धमा कुनै विचार पोख्नुभयो । उहाँका सिद्धान्त अनुसार

[१०] N. Aiyaswamy, "Later Modifications of Buddhism: Approach to Hinduism", **2500 Years of Buddhism** (edited by Prof. P.V. Bapat), New Delhi, Ministry of Information and Broadcasting, p. 305

मानिसको मुक्ति उसकै सत्प्रयास र प्रज्ञामा भर पर्दछ, प्रार्थना र अर्चनामा होइन । बुद्धको यस पक्षको उपदेशलाई श्रमको आधारमा प्राप्त गरिने मुक्ति भन्न सकिन्छ । जब हामी तीन अथवा चार शताब्दी पछाडिका बौद्ध साहित्य अध्ययन गर्दछौं, त्यसवेला हामीले बुद्ध धर्ममा मौलिक अवधारणाहरूसँग पटक्कै नमिल्ने विशेषताहरू विकसित भएर अर्कै रूप धारण गरेको पाउँदछौं । महायान बुद्ध धर्मले मानुसि बुद्ध, शाक्यमुनि, लाई आफ्ना भक्तहरूलाई वरदान दिन तयार रहेको विश्वलाई नियन्त्रण गर्ने अनन्त र सर्वोच्च देवताको रूपमा परिणत गरे । ऐतिहासिक बुद्ध मानव मात्रलाई दुःखबाट मुक्त गर्नको लागि धर्मोपदेश गर्न आदिबुद्धले पठाएको एक अवतार मात्र हो । मानिसहरूले अहिले उसलाई खुशि पार्नको लागि प्रार्थना र अर्चना गर्न थाले ताकि उहाँले उनीहरूलाई मुक्तिको लागि डोऱ्याओस् । बुद्ध धर्म यस प्रकार सद्धर्ममुण्डरिक, गण्डव्यूह र अरु महायान सूत्रहरूमा गएर बुद्ध परम्परा बन्यो ।"

## बुद्ध धर्ममा मिसिएका विकृत परम्पराहरू

बुद्ध धर्म हिन्दू धर्मको पूर्वरूप ब्राह्मण परम्परामा रहेका जातिवाद, पशुबलि आदिको विरोधमा आन्दोलन छेड्ने प्रमुख धर्म हो । इश्वी सम्वत् ४०० देखि १२०० बीच यो धर्मको महायान परम्पराभित्र मन्त्र र तन्त्र परम्पराको विकास भई वज्रयान शाखा देखा परे । वज्रयान परम्पराको विकास भएपछि यो धर्म हिन्दू धर्मको ब्राह्मण परम्पराभन्दा पनि बढी विकृत र विसंगतियुक्त बन्न पुग्यो । सिद्ध आचार्यहरूको परम्परासँग मिसिएर बनेको वज्रयान परम्पराले बुद्ध धर्ममा अवलोकितेश्वर र बोधिसत्त्वहरूको नाममा भैरवीचक्र निर्माण र स्त्री सम्भोग जस्ता अति विकृत परम्परालाई स्थान दिएर बुद्ध धर्मकै बदनामी गर्ने काम शुरु गरे ।

वज्रयान परम्पराले बुद्ध धर्मलाई यस प्रकार बदनाम गर्न पुगेको सन्दर्भमा सुप्रसिद्ध बौद्ध विद्वान् श्री भरत सिंह उपाध्याय आफ्नो मन्तव्य यसरी पोख्दछन् ः

"यसै समयमा अवलोकितेश्वर र अन्य बोधिसत्त्वहरूको नाममा भैरवीचक्रको निर्माण र स्त्री सम्भोगको प्रारम्भ पनि बौद्ध धर्ममा भयो । सारांश यो हो कि मन्त्र, हठयोग र मैथुन, यी तीन तत्वहरू बौद्ध धर्ममा यस समयमा प्रतिष्ठित भयो । ... यस मन्त्रयानमा पनि हामी दुई प्रवृत्ति देख्न सक्दछौं । १) मन्त्रयान (नरम) ई. ४०० देखि ७०० सम्म र २) वज्रयान ई. ८०० देखि १२०० सम्म । यीनै दुवै कालमा तथाकथित बौद्ध धर्मका प्रवृत्तिहरू उत्तरोत्तर रूपमा लोकको लागि अनिष्टकारी भएर गयो । ... वज्रयानको मुख्य प्रवृत्तिहरू त यन्त्र, मद्य, हठयोग र स्त्री यी चार थिए जो नागार्जुनमो

मत कहिल्यै हुन सक्दैनथ्यो । वज्रयानले निश्चित रूपमा बौद्ध धर्मको स्वरूपलाई विगारीदियो र आश्चर्यको र दुःखको कुरा यो हो कि यसलाई उनीहरू आफ्नो साहित्यमा पनि राख्न भूलेनन् ।"[११]

बुद्ध धर्मका तन्त्र परम्परामा यस प्रकारका देखा परेका विकृतिहरूबारे ख्यातिप्राप्त बौद्ध विद्वान् अनागारिक गोविन्द आफ्नो उद्‌गार यस प्रकार पोख्दछन्ः

"Allied to this branch of esoteric Buddhism, there is still a later phase of Vajrayana, which, apart from the original principles on which the purer or brighter side was based, became mixed up with popular cults and assumed, among the lower classes of society a darker and objectionable form. Corrupt practices like the use of five *makaras* i.e., words beginning with the letter 'ma', such as *madhya* (wine), *mamsa* (flesh), *matsya* (fish), *mudra* (woman) and *maithuna* (sexual intercourse), were encouraged and practiced even by men who were supposed to be leading a religious life. In Vajrayana works like the Sri-samaja (also called Guhya Samaja), the Sadhana-mala and Jnana-siddhi etc., we find violation of those very five rules which formed the basis of Buddhist Discipling, is recommended. For instance, in the Guhyasamaja, murder, falsehood, theft and intercourse with women are recommended. Can the Buddha ever be imagined to have sanctioned such things?"[१२]

"गुह्य परम्परामा आधारित बौद्ध धर्मको यस शाखासँग सम्बन्ध राख्ने वज्रयानले अझ पछिल्लो चरणमा पुगेर आफ्ना विशुद्ध र उज्यालो पक्षहरूमा आधारित मौलिक सिद्धान्तहरू त्यागेर लोकप्रिय परम्पराहरूसँग मिसिन पुगे र समाजको तल्लो वर्गमा ओर्लेर विकृत रूप धारण गरे । धार्मिक जीवन अपनाउने भनि कहलिएका व्यक्तिहरूबाट पनि 'म' भन्ने अक्षरबाट शुरु हुने मद्य (मदिरा), मांस (मासु), मत्स्य (माछा), मुद्रा (महिला) र मैथुन (यौन सम्पर्क) जस्ता पञ्चमकारलाई अपनाउने विकृत साधनाहरूलाई बढावा दिँदै प्रयोगमा ल्याए । श्री समाज (गुह्यसमाज पनि भनिने), साधना माला, ज्ञान सिद्धि जस्ता वज्रयानी ग्रन्थहरूमा हामीले बौद्ध धर्मको आधारशीला पञ्चशीललाई तोड्ने कुराहरू सिफारिस गरिएका पाउँदछौं । उदाहरणको लागि गुह्यसमाजमा ज्यान मार्ने, भूठो बोल्ने, चोरी गर्ने र महिलाहरूसँग यौन सम्पर्क राख्ने कुरालाई मान्यता दिएको पाइन्छ । के यस्तो कुरामा भगवान् बुद्धद्वारा कहिल्यै स्वीकृति प्रदान भयो होला भनेर कल्पना गर्न सकिएला त ?"

---

[११] भरत सिंह उपाध्याय, **बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन, प्रथम भाग**, (मोतीलाल बनारसीदास पब्लिशर्स प्रा. लि., १९९६), पृ. ५६४

[१२] Anagarika Govinda, "Later Modifications of Buddhism: Tantric Buddhism", **2500 Years of Buddhism** (edited by Prof. P.V. Bapat), New Delhi, Ministry of Information and Broadcasting, p.313"

बौद्ध तन्त्र परम्परामा देज योग अन्तर्गत क्रिया, चर्या, योग र अनुत्तर योग गरी चार प्रकारका विशुद्ध साधना क्रमहरू बताइएको पाइए तापनि यी साधनाक्रमहरूले पनि पुरुष र महिला बीचको संसर्गलाई त्याग्न सकेको पाईंदैन । उदाहरणको रूपमा श्री दलाई लामा लिखित कालचक्र तन्त्रमा उल्लेखित केही हरफहरू यहाँ उल्लेख गर्न सकिन्छ, जुन यस प्रकार छन् ः

"Based on descriptions of four tantra sets found in the Highest Yoga Tantras, it is said that in Action Tantra the desire involved in male and female looking or gazing at each other is used in the path; in Performance Tantra, the desire involved in male and female smiling at each other is used in the path; in the Yoga Tantra, the desire involved in male and female embracing and touching each other is used in the path and in the Highest Yoga Tantra, the desire involved in sexual union is used in the path."[१३]

"अनुत्तर योग तन्त्रमा पाइने चारवटा तन्त्र परम्पराहरूबारे उल्लेखित विवरण अनुसार क्रिया तन्त्रमा पुरुष र महिला बीच आपसमा हेराहेर गर्ने आकांक्षा समावेश गरिन्छ भने चर्या तन्त्रमा पुरुष र महिला बीच आपसमा हाँसिरहने, योग तन्त्रमा पुरुष र महिला बीच आलिंगनबद्ध रहने र अनुत्तर योग तन्त्रमा पुरुष र महिला बीच मैथुन क्रियामा संलग्न रहने आकांक्षाहरूलाई समावेश गरिन्छ ।"

## तान्त्रिक भोजमा रहेका विकृति र विचलनहरू

यस्तै वज्रयान परम्परा अन्तर्गतको तान्त्रिक भोजमा रहेका विकृति र विचलनहरूलाई स्पष्ट पार्न अर्को ख्यातिप्राप्त बौद्ध विद्वान् श्री डेभिड एल. स्नेलग्रोभ हेवज्र तन्त्रका श्लोकहरू यस प्रकार उद्धरण गर्दछन् ः

"Placing the linga in the bhaga and kissing her again and again, so producing the experinence of Great Bliss, the Admantine One talked about feasting. Now listen, Goddess of wide eyes, to the matter of feasting in the company-circle where having feasted, there is such fulfillment (siddhi) which fulfills the substance of all one's desires. One should set about this feasting in a cemetery or a mountain cave, in a resort of non human beings or in a deserted place. One should arrange seats there, reckoned as nine, in the form of corpses or tiger skins or shrouds from a cemetery. The one who embodies Hevajra should be placed in the center of the yogins, whose places are known, as taught before, in the main directions and intermediate points. Then seated upon one's tiger skin, one should eat the 'spiced food' of the sacraments, enjoying it, and one should eat with eagerness the 'kingly rice'. When one has eaten and eaten again, one should honor the mother goddesses there and they may be mother or sister or niece or mother-in-law. One

---

[१३] Tenzin Gyatso, The Fourteenth Dalai Lama, **The Kalachakra Tantra**, London, Wisdom Publications, p.34

should honor them to a high degree and gain fulfillment in their company. The chief lady should offer to the master an unmarred sacred skull filled with liquor, and having made obeisance to him, she should drink it herself. She should hold it in her hands in a lotus-gesture, and present it with the same gesture. Again and again they make obeisance, those winners of fulfillment."[१४]

"लिङ्गलाई योनि (भग) मा घुसारेर उनीलाई बारम्बार चुम्बन गर्दै महासुखको अनुभूति गरेर वज्रधरले भोजको बारेमा बताउनु भयो । हे फराक आँखा भएका देवी, सम्पूर्ण इच्छाहरूको सारलाई पूरा गरिदिने सहचक्रभोजको वर्णनलाई सुन । यस्तो भोजको आयोजना मसानमा, पहाडको कन्दरामा, अमनुष्यहरू बस्ने जङ्गलमा वा निर्जन स्थानमा गर्नु पर्दछ । भोजको आयोजना गर्दा शव, बाघको छाला वा मसानबाट ल्याइएको कात्रोका नौवटा आसनहरूको व्यावस्था मिलाउनु पर्दछ । हेवज्रको धारणा गर्नेलाई योगिनीहरूको माझमा बसाल्नु पर्दछ जसको (योगिनीका) स्थानहरू, पहिले सिकाइए बमोजिम, मुख्य दिशा र कोणहरूमा राखिएका हुन्छन् । त्यसपछि बाघको छालाबाट बनेको आफ्नो आसनमा बसेपछि सबैले मज्जा मानेर पवित्र 'मसलादार खाना' र उत्साहको साथ 'राजभोज' लाई ग्रहण गर्नु पर्दछ । पटक पटक यसलाई ग्रहण गरिसकेपछि त्यहाँ रहेका मातृदेवताहरूलाई, आमा, बहिनी, भाञ्जी वा सासु भए तापनि सम्मान गर्नु पर्दछ । उनीहरूलाई उच्च स्तरको सम्मान दिएर उनीहरूका साथ पूर्णता हासिल गर्नु पर्दछ । मुख्य महिलाले नबिग्रेको पवित्र खोपडिमा मदिरा भरेर हातलाई कमलमुद्रा बनाएर उसलाई प्रणाम गरेर मदिरापान गर्नु पर्दछ । हातलाई कमलमुद्रा बनाएर यसलाई समाउँदै त्यही मुद्रामा चढाउनु पनि पर्दछ । पूर्णतालाई जितेका यिनीहरू बारम्बार प्रणाम गर्दछन् ।"

श्री स्नेलग्रोभका अनुसार यहाँ 'मसलादार खाना' भन्ने शब्दले मानिस, गाई, हात्ती, घोडा वा कुकुरको मासुबाट बनेको पकवानलाई सङ्केत गर्दछ भने 'राजभोज' भन्ने शब्दले विशेष प्रकारले छानिएको मानिसको मासुबाट बनेको पकवानलाई सङ्केत गर्दछ र यस्तै पवित्र खोपडि यस्तै पवित्र खोपडी भन्नाले ब्राह्मणको खोपडीलाई सङ्केत गर्दछ । विशेष प्रकारले छानिएको मानिसको मासु भन्नाले यहाँ झुण्डयाएर मारिएको मानिस, लडाईंमा मारिएको योद्धा वा सात पटक असल मनुष्यको रूपमा जन्मेका पहुँच बाहिरको स्वभाव भएको मानिसलाई लिइन्छ ।

[१४] David L. Snellgrove, **Indo-Tibetan Buddhism, Volume 1**, Boston: Shambhala Publications Inc., 1987, pp. 160-161

## वज्रयान परम्पराको विरोधमा उठेका आदेश र आवाजहरू

वज्रयान परम्परा अन्तर्गत रहेका यीनै विकृतिहरूले गर्दा आदि शङ्कराचार्यले आफ्नो बौद्ध दर्शनको प्रत्याख्यानको उपसंहारमा स्वयं बुद्धलाई पनि लोकको विद्वेषी र अकल्याणकर्ता भएका आरोप लगाएको पाइन्छ । यसको मूल कारण आदि शङ्कराचार्यको समयमा भारतीय उपमहाद्वीपमा स्थविरवाद जस्तो विशुद्ध दर्शन नपाइनु हो भने अन्य कारणहरू त्यस वेला भारतीय उपमहाद्वीपमा बुद्ध धर्मको नाममा प्रचलित वज्रयानमा पाइने यस प्रकारका विकृतिहरू पनि हुन् । वज्रयान परम्परा अन्तर्गत विभिन्न शक्ति पीठहरूमा धार्मिक अनुष्ठान गरी हिंड्ने योगीहरूद्वारा सम्पादन हुने यस्तै प्रकारका विकृत क्रियाकलापहरूलाई रोक्नको लागि एघारौं शताब्दीतिर पश्चिमी तिब्बत अत्नर्गतको गुगे (Gu-ge) मा शासन गर्ने राजा येशे-ओ (Ye-shes-od) ले आदेश पनि जारी गरेका थिए । राजा येशे-ओले आदेश जारी गर्दा तान्त्रिक क्रियाकलाप सम्बन्धमा प्रकट गरेका भर्त्सनाहरू यस प्रकार छन् :

"Oh village specialists, your tantric kind of practice,
If heard of in other lands would be a cause of shame.
You say you are Buddhists, but your conduct
Shows less compassion than one ogre.
You are more greedy for meat than a hawk or wolf.
You are more subject to lust than a donkey or ox in heat.
You are more intent on rotten remains than ants in a tumbledown house.
You have less concept of purity than a dog or pig.
To pure divinities you offer faeces and urine, semen and blood.
Alas! With worship such as these, you will be reborn in a mire of rotting corpses.
You thus reject the religion of Threefold Scriptures.
Alas! You will indeed be reborn in the Avichi hell..."[१५]

अर्थात्, "ए ग्राम विशेषज्ञहरू, तिमीहरूले अपनाएको तान्त्रिक साधना
अरु मुलुककाले सुने भने शरमको कारण बन्नेछ ।
तिमीहरू आफूलाई बौद्ध भन्दछौ तर तिमीहरूको आचरणले
राक्षसले भन्दा कम मात्र करुणा प्रदर्शन गर्दछ ।
तिमीहरू बाज अथवा ब्वाँसाभन्दा बढी मासुका लागि लोभी छौ ।
तिमीहरू गर्मीयामका गधा वा गोरुभन्दा बढी काममा भुलेका छौ ।
तिमीहरू भत्किएको घरका कमिलाभन्दा बढी कुहेको वस्तुहरूमा लालायित छौ ।

---

[१५] Ibid. pp. 187

तिमीहरूमा कुकुर वा सुँगुरमा भन्दा कम विशुद्धताको धारणा छ ।
विशुद्ध देवी देवताहरूलाई तिमीहरू मल, मुत्र, वीर्य र रगत चढाउँदछौ ।
अफसोच, यस प्रकारका पूजाले तिमीहरू कुहेको लाशको दलदलमा जन्मने छौ ।
तिमीहरू यस प्रकार त्रिपिटकको धर्मलाई परित्याग गर्दछौ ।
अफसोच, तिमीहरू साँच्चै अवीचि नरकमा जन्मने छौ ।......"

बुद्ध धर्मको वज्रयान परम्परा अन्तर्गत देखा परेका यस्तै प्रकारका विकृति र विसंगतिहरूको विरोधमा आठौं शताब्दीतिर भारतमा जन्मेका आदि शङ्कराचार्यलाई आन्दोलन छेड्न बाध्य पारे पनि ।

क्रमशः

बौद्ध इतिहासका केही पृष्ठहरूः

# बुद्ध धर्ममा देखा परेका विकृति र विचलहरू सम्बन्धमा एक अध्ययन (४)

लेखकः डा. सानुभाइ डंगोल

## बुद्ध धर्मबाट शाक्यमुनि बुद्धको विस्थापन

बुद्ध धर्ममा वज्रयान सम्प्रदायको उदय भएपछि बुद्ध धर्ममा यस प्रकारका विकृति र विचलनहरू मात्र देखा परेका होइनन् बल्कि यस सम्प्रदायले शाक्यमुनि बुद्धलाई नै बुद्ध धर्मबाट विस्थापित गरेर वज्रपाणि नामक यक्षलाई वज्रधर वा वज्रसत्वको नाम दिएर शाक्यमुनि बुद्धको स्थानमा प्रतिष्ठापन पनि गरेका छन् । इन्द्रको आयुध वज्रलाई शून्यताको प्रतीक मानेर स्थापना गरिएको वज्रयानमा वज्रलाई धारण गर्ने वज्रधर अथवा वज्र तत्वबाट बनेको वज्रसत्त्वले बुद्ध धर्ममा प्रवेश गरेपछि वज्रसत्त्व वा वज्रधर नै आदि बुद्धका रूपमा बुद्ध धर्ममा देखा पर्दछन् । अनि शाक्यमुनि बुद्ध क्रमशः यस परम्पराबाट विस्थापित भएर जान्छन् पनि । वज्रयानका आचार्यहरूले नित्य रूपमा स्थापना गरी पूजा, अर्चना गरिने गुरुमण्डलको अर्चना गर्दा पढिने अद्वयवज्रकृत गुरुमण्डलार्चन नामक पुस्तकमा उल्लेखित श्लोकहरूबाट पनि यो कुरा पुष्टि हुने देखिन्छ । उदाहरणको लागि सोही पुस्तकमा उल्लेखित केही श्लोकहरू यहाँ उद्धरण गरिन्छ :-

*वन्दे श्री वज्रसत्त्व भुवनवर गरुं सर्वबुद्ध भवन्तं ।*
*नानारूपं नयनं तिमिरं भयहरं निर्मलं मेरुसस्थं ।।१।।*
*धर्माधारं मुनीन्द्रं जिनवर सुगतं मण्डलं वज्र धातु ।*
*सर्वानन्दैकरूपं सहजसुखमयं देहि नो मोक्षहेतुम् ।।२।।*
*गुरुबुद्धं गुरुधर्मं गुरुसंघं तथैवच ।*
*गुरुवज्रधरं चैव गुरुसवान्नमाम्यहम् ।।३।।*[१६]

अर्थात्, विभिन्न रूप धारण गरेर अन्धकारको भयलाई हरण गर्ने निर्मल रूप भएका मेरु निवासी तीनै लोकमा श्रेष्ठ सबै बुद्धहरूको रूप धारण गर्ने वज्रसत्त्वलाई वन्दना ।।१।। धर्मको आधार मुनिहरूमा श्रेष्ठ वज्र धातु मण्डल निवासी सबै आनन्दहरूको स्वरूप जिनवर सुगतबाट हामीलाई मोक्षको उद्देश्यले सहज सुख प्रदान

[१६] आशाकाजी वज्राचार्य, गुरुमण्डलार्चन पुस्तकम्, ललितपुरः आशाकाजी वज्राचार्य, २०४६, पृ. १२-१३

गरोस् ।।२।। गुरु बुद्ध, गुरु धर्म, गुरु संघ, र गुरु वज्रधर सहित सबै गुरुहरूलाई नमस्कार गर्दछु ।।३।।

## वज्रसत्त्वको पूर्वरूप

वज्रसत्त्वको पूर्वरूप वज्रपाणि भन्ने यक्ष हो । वज्रपणिको पूर्वरूप सम्बन्धमा संस्कृत भाषामा लिखित बौद्ध ग्रन्थहरूमा धेरै उल्लेख भएका छन् । अष्टसहस्रीका प्रज्ञापारमितामा वज्रपाणीलाई प्रधान यक्ष मानिएको छ भने सुवर्णप्रभासमा यक्षहरूको सेनापति वा राजा । सद्धधर्मपुण्डरिकमा बोधिसत्त्व अवलोकितेश्वरको निर्माणकायको रूपमा । बोधिसत्त्व अवलोकितेश्वरको निर्माणकायको रूपमा अवतरण भएपछि यही यक्षलाई बोधिसत्त्व र प्रत्येकबुद्धसहित हिन्दू धर्ममा ब्रह्मा, नारायण, इन्द्र, महेश्वर आदि देवताहरूलाई दमन गरी वज्रमण्डलमा प्रवेश गराउने वज्रसत्त्व वा वज्रधरको रूपमा प्रतिष्ठापित गराइन्छ ।[१७] यस प्रकार वज्रयान परम्पराले शाक्यमुनि बुद्धलाई बुद्ध धर्मबाट विस्थापित गरी वज्रपाणि भन्ने यक्षलाई उठाएर सबै बुद्धहरूभन्दा माथि वज्रसत्त्व वा वज्रधरको रूपमा प्रतिष्ठापित गरेको बारे श्री स्नेलग्रोभले वज्रयानका तन्त्र ग्रन्थहरूबाट उद्धरण गरेका केही श्लोकहरू यस प्रकार छन् :-

Placing his vajra on his heart, he said to all the Buddhas: ‘O all you Tathagatas. I do not comply.’ They said: ‘O Why?’, and he replied, ‘O Lords, there are evil beings, Maheshvara (Shiva) and others, who have not been converted by all of you Tathagatas. How am I to deal with them?’ In response, the Resplendent One (Vairochana) relapsed into the state of composure known as Wrathful Pledge-Vajra, the great compassionate means of all the Tathagatas, and enunciated the syllable HUM. At once there emerged from the vajra at the heart of Vajrapani the Lord Vajradhara who manifested a variety of fearful Vajrapani-forms, reciting the verse: Oh! I am the means of conversion, possessed of all means. Spotless, they assume a wrathful appearance so that beings may be converted by these means.’[१८]

अर्थात्, आफ्नो वज्रलाई हृदयमा पसारेर उसले सबै बुद्धहरूलाई भने - ‘हे सर्व तथागतहरू, म मान्दिन ।’ उनीहरूले ‘किन’ भनेपछि उसले पत्युत्तर दिए - ‘तपाईं तथागतहरूबाट दीक्षित हुन नपाएका महेश्वर (शिव) र अरु खराब प्राणीहरू बाँकी नै छन्, मैले उनीहरूसँग कसरी व्यवहार गर्ने हो ?’ प्रत्युत्तरमा वैरोचनले सर्व तथागतहरूको करुणापूर्ण उपाय अर्थात् भयानक वज्र प्रनिधि भन्ने ध्यानमा लीन

[१७] Snellgrove, f.n. No. 13, pp. 134-137

[१८] Ibid. pp. 136

हुनुभयो र 'हूँ' भन्ने मन्त्र प्रतिपादन गर्नुभयो । तत्कालै वज्रपाणिको हृदयमा रहेको वज्रबाट भगवान् वज्रधर उत्पन्न भइ विभिन्न डरलाग्दा वज्रपाणिहरूको रूप धारण गरेर 'अहो, म सबै उपायहरूलाई अपनाएर दीक्षा दिने उपाय हुँ । छिद्र रहित, उनीहरूले भयानक रूप धारण गरे ताकि उनीहरू सबै यही उपायद्वारा दीक्षित हुन सकोस् ।'

यीनै वज्रपाणिहरूले यही 'हूँ' मन्त्रद्वारा वज्रमण्डलमा दीक्षित गराउन अपनाएको क्रियाकलापबारे श्री स्नेलग्रोभ पुनः उद्धरण गर्नुहुन्छ :-

Then Vajrapani pronounced his own vajra-syllable : HUM! As soon as he pronounced this, all the great gods who belonged to the threefold world, fell down on their faces, emitting miserable cries, and they went to Vajrapani for protection. The Great God himself (Maheshwara) remained motionless on the ground, quite dead.[१८]

अर्थात्, त्यसपछि वज्रपाणिले 'हूँ' भन्ने आफ्नो वज्रमन्त्रलाई उच्चारण गरे । जसै उसले यो मन्त्रलाई उच्चारण गरे, तीनै लोकका सबै ठूला देवताहरू दुःखले पीडित भै चित्कार निकालेर मुखले टेक्ने गरी ढले र उनीहरू वज्रपाणि कहाँ शरण लिन गए । महेश्वर पनि धरतीमा लडेर निश्चल भइ मरे ।

## नेवार बौद्ध धर्ममा रहेका विकृति र विचलनहरू

बुद्ध धर्मको वज्रयान परम्पराको कुरा गर्दा नेपालमा, विशेष गरेर काठमाडौं उपत्यकामा, प्राचीनकालदेखि हालसम्म प्रचलनमा रहेको वज्रयान परम्परा अर्थात् नेवार बौद्ध धर्ममा रहेका विकृति र विचलनहरूबारे पनि चर्चा चलाउन उत्तिकै आवश्यक हुने देखिन्छ । काठमाडौं उपत्यकामा प्रचलित वज्रयान परम्परा अर्थात् नेवार बौद्ध धर्म बारे यसरी चर्चा चलाउन आवश्यक पर्नाको मुख्य कारण हो यो परम्परा नेपालमा प्राचीन कालदेखि प्रचलनमा रही आएतापनि यसले नेपाल र नेपाली जनतालाई अग्रगमनतिर डोऱ्याउन कत्ति पनि सफलता प्राप्त गर्न नसक्नु । साँच्चै भन्ने हो भने नेवार बौद्ध धर्ममा स्थानीय परम्पराका अनेकौं विकृति र विसंगतिहरू मिसिएको कारण यो परम्परा अन्य वज्रयान परम्पराहरूभन्दा बढी कहालिलाग्दो खाडलमा जाकिन पुगेको देखिन्छ । नेवार बौद्ध धर्म यसरी कहालिलाग्दो खाडलमा जाकिन पुग्नुको मुख्य कारण हो यसको आफ्नो साधना क्रममा अन्य वज्रयान परम्परामा जस्तै पञ्चमकार अर्थात् मद्य, मांस, मत्स्य, मुद्रा तथा मैथुन जस्ता विकृत चर्याहरू देखा पर्नुको अतिरिक्त हिन्दू धर्ममा प्रचलित जातिप्रथा र पशुवलिले पनि मान्यता पाउनु । अनि यस्तै अन्य

---

[१८] Ibid. pp. 137

कुरा हो शाक्यमुनि बुद्धद्वारा प्रतिपादित बुद्ध धर्म र शाक्यमुनि बुद्धलाई आफ्नो धर्मबाट विस्थापन गर्न यसले तयार पारेको विश्वको एउटै मात्र पुराण, स्वयम्भू पुराण । यो यही पुराण हो जसले नेपालमा शाक्यमुनि बुद्ध जन्म हुनुभन्दा धेरै समय अघिदेखि बुद्ध धर्म प्रचलनमा रहेको कुरालाई प्रचारमा ल्याउँदछ र काठमाडौं उपत्यकाको स्वयम्भू डाँडालाई आदिबुद्धको निवासस्थानको रूपमा प्रतिष्ठापन गर्दछ । यी कुराहरू वास्तवमा नेवार बौद्ध धर्ममा देखिएका थप कलङ्कहरू हुन् र नेवार बौद्ध धर्मलाई कहालिलाग्दो खाडलमा जाक्ने प्रमुख कारक पनि । यिनै कारणहरूले गर्दा नेवार बौद्ध धर्मका अनुयायीहरू नेपालमा बुद्ध र तारा सम्भोगरत पौभा चित्र र मूर्तिहरू तयार पारी व्यापार गर्दछन् अनि स्वयम्भूको भुइखेलमा बाह्र वर्षमा एक पटक सम्यक्पूजा चढाउँदा आज पनि शाक्यमुनि बुद्धको सट्टा दीपंकर बुद्धलाई पूजा चढाउँदछन् । यसरी सम्यक्पूजा चढाउँदा उनीहरू साँच्चै नै शाक्यमुनि बुद्धका अग्रज दीपंकर बुद्धलाई पूजा चढाएको हो वा नेपालको बाटो भई तिब्बत यात्रा गर्ने अतिशा दीपंकर वा दीपंकर श्रीज्ञानलाई पूजा चढाएको हो भन्ने कुरा पनि छुटयाउन सक्दैनन् । नेपालमा शाक्यमुनि बुद्ध जन्म हुनुभन्दा धेरै समय अघिदेखि बुद्ध धर्म प्रचलनमा रहेको भन्ने कुराको सन्दर्भमा लेखकले कुनै बेला उठाएको प्रश्न यस प्रकार रहेका छन् :-

Buddhism in Nepal is quite different and distinct too, from the Buddhism of other countries. The legendary history traces that Buddhism was prevalent in Nepal even before the Buddha Gautam's birth. The Svayambhu Purana, the only Buddhist myth in the world, traces the Svayambhu hill in Kathmandu as the most sacred place in the Buddhist world. According to this text, it was at this hill that the primordial Buddha (Adi Buddha) had resided in its infinite form. Nepal, the present Kathmandu valley, at that time was in the form of a lake and the Svayambhu hill was nestling in the midst of this very lake. The legendary Buddhas who preceded the Buddha Gautam, like Vipassi, Sikhi, (Vesabhu), Kashyap, Krakuchhanda, Kanakmuni etc., are said to have visited this lake and circumambulated it. Some of the Buddhas are said to have paid obeisance to the primordial Buddha which had emanated at the summit of the Svayambhu hill in the form of light. Later on, Bodhisattva Manjushri came here from China and drained the water of this lake by cutting a gorge at Chobhar hill. From this time onwards, the lake was turned into the valley of Nepal and became inhabited. These are the legends traced by the Svayambhu Purana. The question that arises in this connection is whether Buddhism was prevalent in the then Nepal even before the birth of the Buddha Gautam?[२०]

[२०] Sanu Bhai Dangol, "Buddhism in Nepal: Past and Present", The Shanti Sandesh, Kathmandu, Sukhi Hotu Nepal, October 30, 2004, pp. 123

अर्थात्, "नेपालमा प्रचलित बुद्ध धर्म अन्य देशहरूमा प्रचलित बुद्ध धर्मभन्दा विलकुल फरक र भिन्नै रहेको देखिन्छ । नेपालको पौराणिक इतिहासले नेपालमा गौतम बुद्ध जन्मनुभन्दा अगाडिदेखि बुद्ध धर्म प्रचलनमा रहेको कुरालाई जानकारी दिने गर्दछ । विश्वमा पाइने एक मात्र बौद्ध पुराण स्वयम्भू पुराणले काठमाडौं उपत्यकाको स्वयम्भू डाँडालाई बौद्ध जगत्मा अति पावन थलोको रूपमा प्रस्तुत गरेको छ । यस पुराणको कथनानुसार यही डाँडामा आदिबुद्धले कुनै वेला निराकार स्वरूपमा निवास गर्नु भएको थियो । नेपाल, अहिलेको काठमाडौं उपत्यका, शुरुमा एउटा ठूलो ताल (ह्रद वा जलाशय) को रूपमा र स्वयम्भू डाँडा यसै तालको बीचमा डाँडाको रूपमा अवस्थित रहेको थियो । भनिन्छ कि गौतम बुद्धभन्दा अगाडिका पौराणिक बुद्धहरू, विपस्वी, शिखि, (वेसभू), काश्यप, ऋकुच्छन्द, कनकमुनि आदिले यस तालमा पुगी यसको वरीपरी प्रदक्षिणा गरेका थिए भने केहीले स्वयम्भू डाँडामा ज्योतिको रूपमा रहेका आदिबुद्धलाई श्रद्धा पनि चढाएका थिए । केही समयपछि चीनबाट बोधिसत्त्व मञ्जुश्री यहाँ पाल्नुभयो । उहाँले चोभार डाँडालाई ताछेर एक नहर बनाई यहाँको पानीलाई बाहिर पठाउनुभयो । यस बेलादेखि यो ताल नेपाल उपत्यकामा परिणत भई मानव वस्ती बन्यो । स्वयम्भू पुराणमा उल्लेखित कथनहरू यिनै हुन् । अब उठ्नसक्ने प्रश्न के हो भने बुद्ध धर्म गौतम बुद्ध जन्मनुभन्दा अगाडिदेखि त्यसवेलाको नेपालमा प्रचलित थियो त ?"

## बुद्ध धर्मको अपूर्व विशेषता

बुद्ध धर्ममा देखा परेका यस प्रकारका विकृति र विचलनहरूका बावजुद पनि यो धर्म आजपनि उत्तिकै फलदायी रहेको छ अर्थात् यसका अनुयायीहरूले बुद्ध धर्मको मूल लक्ष्य निर्वाणलाई आज पनि हासिल गर्ने गरेका छन् । बुद्ध धर्ममा यसरी फल लाग्नुको मूल कारण हो बुद्ध धर्मका प्रणेता शाक्यमुनि बुद्धले यो धर्मको सिर्जनामा अपनाएको अभूतपूर्व शैली । यही अपूर्व शैलीले गर्दा बुद्ध धर्मका साँच्चैका अनुयायीहरूले आज पनि यसलाई विशुद्ध धर्मका रूपमा पालन गर्न सफल बनेका छन् । बुद्ध धर्म आज पनि फलदायी धर्मको रूपमा टिक्न सकेको कुरालाई लिएर ओशो रजनीश आफ्ना उद्गारहरू यस प्रकार पोख्दछन् :-

"Gautam the Buddha is the greatest Master who has walked on this earth. Christ is a great Master, so is Krishna, so is Mahabir, so is Mohammad, and many more, but the Buddha still remains the greatest Master. Not that his achievement of Enlightenment is greater than anybody else's – Enlightenment is neither less nor more – he has attained to the same quality of consciousness as Mahabir, as Christ, as Zorasthustra, as Lao Tzu.

There is no question of any enlightened man being more enlightened than anybody else. However, as far as His being a Master is concerned, the Buddha is incomparable – because, through him, thousands of people have attained to Enlightenment. It has never happened with any other Master. His line has been the most fruitful line. His family has been the most creative family up to now. He is like a big tree with so many branches – and each branch has been fruitful; each branch is loaded with many fruits. Mahabir remained a local phenomenon; Krishna fell in the hands of scholars and was lost. The priests destroyed Christ. Much could have happened but it did not happen. The Buddha has been tremendously fortunate in this. Not that the priests have not tried, not that the scholars have not tried, they have done all that they can do but somehow the Buddha's teaching was devised in such a way that it could not be destroyed. Even after twenty-five centuries, a few flowers come on his tree, it still blooms. Spring comes, and still it releases fragrance, it still bears fruit."[२१]

अर्थात्, गौतम बुद्ध यस धरतीमा टेक्ने सबभन्दा महान् गुरु हुन् । खिष्ट महान् गुरु हुन्, यस्तै कृष्ण, महावीर, मोहम्मद र अरु धेरै महान् गुरुहरू छन् पनि । तर उनीहरूमा बुद्ध सबभन्दा महान् रहेको छ । यसको कारण उहाँको विमुक्ति अरु कसैको विमुक्तिभन्दा उच्च स्तरको भएकोले होइन । विमुक्ति न कतै कम हुन्छ न त बढी नै । उहाँले त्यही स्तरमा चेतनाको विकास गर्नुभएको छ जुन महावीर, खिष्ट, जोरास्थ्रुज र लाओ-त्जुले गरेका थिए । कुनै पनि विमुक्त मानिस अरुभन्दा बढी विमुक्त हुने कुरै रहँदैन । तर गुरुको रूपमा भने उहाँको व्यक्तित्व अतुलनीय रहेको छ । यसको कारण हो उहाँको माध्यमबाट हजारौं-हजार मानवले विमुक्ति पाउनु, जुन अरु कुनै पनि गुरुको माध्यमबाट हुन सकेन । उहाँको मार्ग अहिले पनि सबभन्दा सिर्जनात्मक रहेको छ । उहाँ अधिक हाँगाहरू भएको विशाल रुखजस्तो हुनुहुन्छ र प्रत्येक हाँगामा धेरै फलहरू फलेका छन् पनि । महावीर स्थानीय घटनाकै रूपमा सीमित रहे, कृष्ण विद्वान्हरूको हातमा परे र हराए । खिष्टलाई पुरोहितहरूले विनष्ट पारे । धेरै कुरा हुन सक्दथ्यो तर भएन । बुद्ध यस कुरामा ज्यादै भाग्यमानी हुनुहुन्छ । पुरोहितहरू र विद्वान्हरूले प्रयास नगरेका पनि होइनन्, तिनीहरूले जति सक्यो गरे पनि । तर बुद्धका उपदेशहरू यस प्रकारले संरचना भएका थिए कि यसलाई विनष्ट पार्न सकिंदैनथ्यो । यो अझ जीवितै छ । पच्चीस शताब्दीपछि पनि यो रुखमा केही फूलहरू देखा पर्दछन् र यो अझै फल्दछ पनि । वसन्तको आगमन हुन्छ र यसले अझै सुवास छर्दछ र फल दिन्छ पनि ।

---

[२१] Quoted in Sanu Bhai Dangol, The Pashupatinath; Kathmandu: Pilgrims Book House, 1993; pp. 21-22

**उपसंहार**

लेखलाई टुङ्ग्याउनुभन्दा अगाडि बुद्ध धर्ममा देखा परेका केही विकृति र विचलनहरूबारे नचाहिँदो गन्थन गर्नपुगेकोमा लेखक क्षमायाचना गर्दछ । बुद्ध धर्ममा देखा परेका माथि उल्लेखित विकृति र विचलनहरूलाई साँच्चै नै विकृति र विचलनहरूको रूपमा मात्र लिने हो वा समय सुहाउने गरी भएका सुधारहरूको रूपमा । यसबारे बुद्ध धर्मका सबै शाखा र उपशाखाहरूबीच विश्वव्यापी रूपमा छलफल गरी निष्कर्ष निकाल्न अति आवश्यक छ । यसको लागि बुद्ध धर्मका सबै शाखा र प्रशाखाका वरिष्ठ विद्वान्हरूले ध्यान दिई बुद्ध धर्मलाई विशुद्ध रूपमा बचाइराख्न पुनः संगायनाको व्यवस्था मिलाउन आवश्यक छ । यस कुरामा बुद्ध धर्मका प्रणेताहरूले यथेष्ट मात्रामा ध्यान दिनेछन् भन्ने कुरामा लेखक विश्वस्त छ पनि ।

भवतु सब्ब मङ्गल